annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २७ पृष्ठ १२ | काठमाडौं, मंगलबार १३ जेठ २०८२ | जेष्ठ कृष्णपक्ष औंसी नेपाल संवत् ११४५ | TUESDAY, MAY 27, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०




कभर स्टोरी

# त्रिविमा कानुन फेर्दै, आफन्त भर्दै

## सेटिङबाट हुने नियुक्ति रोक्न सर्वोच्चले दियो आदेश

प्राज्ञिक संस्था त्रिभुवन विश्वविद्यालयमा सेवा गर्ने योग्य व्यक्तिको चाहना हुन सक्छ। तर, प्रधानमन्त्री कुलपति रहेका त्रिभुवन विश्वविद्यालयमै कानुनको बलमिच्याइँ भएको छ। विशेष बढुवा वा सीमित आन्तरिक प्रतिस्पर्धा दोहोऱ्याई–तेहेऱ्याई उपयोग गरिएको छ। स्वच्छ तथा स्वस्थ प्रतिस्पर्धाबाट पदपूर्ति गर्न चुक्दै आएको त्रिविको अवस्था प्रतिसर्वोच्च अदालतले भनेको छ, 'विश्वविद्यालयभन्दा बाहिर रहेका क्षमतावान् र योग्य व्यक्तिलाई खुला प्रतिस्पर्धामार्फत संस्थामा प्रवेश गर्ने अवसरलाई निषेध वा सीमित गराई ऐनको उद्देश्यविपरीत विश्वविद्यालयलाई असक्षमतातर्फ धकेल्न खोजेको देखिन्छ।'

**दिनेश गौतम** | *काठमाडौं*

– को रिपोर्ट

विस्तृत पृष्ठ २

# सम्पत्ति विवरण नबुझाउनेमा राजनीतिक नियुक्ति खाएकादेखि प्रहरी, शिक्षक, कर्मचारी पनि




**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सार्वजनिक पद धारण गरेका ५ हजार ५ सय ४ जना कर्मचारी तथा पदाधिकारीले तोकिएको समयावधिभित्र सम्पत्ति विवरण नबुझाएको पाइएको छ। सम्पत्ति विवरण नबुझाउनेमा सबैभन्दा धेरै संघकै कर्मचारी तथा पदाधिकारी छन्। तोकिएको समयमा सम्पत्ति विवरण नबुझाउने यी कर्मचारीलाई कारबाही हुने छ।

राष्ट्रिय सतर्कता केन्द्रले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा बुझाएको प्रतिवेदनमा राजनीतिक नियुक्ति खाएकादेखि प्रहरी, शिक्षक, कर्मचारीले पनि सम्पत्ति विवरण नबुझाएको पाइएको छ। राष्ट्रिय सतर्कता केन्द्रले आर्थिक वर्ष २०८०/८१ को सम्पत्ति विवरण तथा अनुगमन प्रतिवेदन अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष पेस गरेको छ।

केन्द्रका सचिव सरजुकुमार वैद्यले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राई समक्ष पेस गरेका छन्। केन्द्रले ७ भाग र १० वटा अनुसूचीसहित कुल ४०३ पेज रहेको सम्पत्ति विवरण अनुगमन प्रतिवेदन पेस गरेको छ।

संघका ४ हजार ५ सय ९३ जना पदाधिकारी तथा कर्मचारीले नबुझाएको प्रतिवेदनमा उल्लेख छ। प्रदेशका ४ सय ७९ जना र स्थानीय तहका ४ सय ३२ जना पनि सम्पत्ति विवरण तोकिएको समयभित्र बुझाएका छैनन्। प्रतिवेदनअनुसार सम्पत्ति विवरण बुझाउने दायित्व भएका संघका ४ लाख ८८ हजार २ सय ८० जनामध्ये ४ लाख ८३ हजार ६ सय ८७ ले समयमा बुझाएको पाइएको छ। प्रदेश र स्थानीय तहका क्रमश: १९ हजार ८ सय ३४ जना र २ लाख ७३ हजार २ सय ३९ जना कर्मचारी तथा पदाधिकारीहरूमध्ये प्रदेश र स्थानीय तहका क्रमश: १९ हजार ३ सय ५५ जना र २ लाख ७२ हजार ८ सय ७ जनाले सम्पति विवरण बुझाएका छन्। कुल सम्पत्ति विवरण बुझाउनेको कुल संख्या ७ लाख ७५ हजार ८४९ जना छन्।

सम्पत्ति विवरण नबुझाएर कारबाहीमा परेका ७ सय ७९ राजनीतिक नियुक्ति खाएकाहरू राजनीतिक नियुक्ति खाएर धेरैले सम्पत्ति विवरण नबुझाएको देखिएको छ। संघीय सरकारअन्तर्गतका ७ सय ७९ जना राजनीतिक नियुक्ति र करारका कर्मचारी तथा पदाधिकारीले सम्पत्ति विवरण नबुझाएको प्रतिवेदनमा उल्लेख छ। त्यस्तै ६ सय ४० जना शिक्षकले पनि सम्पत्ति विवतरण नबुझाएको प्रतिवेदनमा उल्लेख छ।

शिक्षकहरूले राष्ट्रिय किताबखाना (शिक्षक)मा सम्पत्ति विवरण बुझाउने प्रावधान छ। १ सय ८० जना नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभागका १ सय ८० जनाले सम्पत्ति विवरण बुझाएका छैनन्। त्यस्तै २ हजार ९ सय ९४ जना निजामती कर्मचारीले सम्पत्ति विवरण बुझाएका नबुझाएको प्रतिवेदनमा उल्लेख छ।

बाँकी पृष्ठ ७

# 'गृहमन्त्रीले राजीनामा दिनुपर्दैन'

**राधा खनाल** | *काठमाडौं*



पार्टीभित्रै गृहमन्त्री रमेश लेखकको राजीनामा माग भइरहेका बेला सत्तारूढ नेपाली कांग्रेसले सोमबार पदाधिकारी बैठक राखेर लेखकले राजीनामा दिनुनपर्ने निष्कर्ष निकालेको छ।

भिजिट भिसा प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गरिरहेको छ। यसमा त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयका प्रमुख एवं सहसचिव तीर्थराज भट्टराई सहितका कर्मचारी मुछिएका छन्।

गृहमन्त्री लेखकले राजीनामा दिएर अनुसन्धानमा सहयोग गर्नुपर्ने दबाब कांग्रेसकै नेताहरूले दिइरहेका थिए। उक्त विषय आइतबार बसेको सरकार नेतृत्वकर्ता दल नेकपा एमालेको सचिवालय बैठकमा समेत उठेको थियो।

तर, प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओलीले भने यस विषयमा गृहमन्त्रीकै दल कांग्रेसले निर्णय गर्नुपर्ने बताएका थिए। सोहीअनुरूप सभापति देउवाले बैठक बोलाएर छलफल गरेका हुन्। पार्टीभित्र र विपक्षी दलका नेताहरूले राजीनामाको माग गरिरहँदा बैठकले गृहमन्त्री लेखक निर्दोष रहेको निष्कर्ष निकालेको हो।

बाँकी पृष्ठ ७

## पुटिनप्रति ट्रम्प आक्रोशित



**वासिङ्टन डीसी** (एजेन्सी) : राष्ट्रपति डोनाल्ड ट्रम्पले आइतबार रूसी राष्ट्रपति भ्लादिमिर पुटिन एकदमै पागल भएका बताएका छन्। रूसी नेताले युक्रेनमा मस्कोको तीन वर्षे पूर्ण-स्तरीय युद्धको सबैभन्दा ठूलो हवाई आक्रमण सुरु गरेपछि ट्रम्पले यस्तो अभिब्यक्ति दिएका हुन्।

'रूसका भ्लादिमिर पुटिनसँग सधैं मेरो धेरै राम्रो सम्बन्ध रहेको छ, तर उनलाई अहिले केही भएको छ। उनी एकदमै पागल भएका छन्! उनी अनावश्यक रूपमा धेरै मानिसलाई मारिरहेका छन्। म केवल सैनिकहरूको बारेमा कुरा गरिरहेको छैन। युक्रेनी सहरहरूमा बिना कुनै कारण मिसाइल र ड्रोनहरू प्रहार गरिँदैछन्', ट्रम्पले ट्रुथ सोशलमा पोस्ट गरेका छन्। ट्रम्पले पत्रकारहरूलाई पनि भनेका थिए, 'म पुटिनले गरिरहेको कामबाट खुसी छैन। उनले धेरै मानिसलाई मारिरहेका छन् र मलाई थाहा छैन पुटिनलाई के भएको छ।'

# गण्डकीको आर्थिक वृद्धिदर सबैभन्दा बढी

**सुनिता कार्की** | *काठमाडौं*

आर्थिक वर्ष २०८१/८२ को कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा बागमती प्रदेशको योगदान सबैभन्दा बढी भए पनि जीडीपी वृद्धिदर (कुल आर्थिक वृद्धिदर) भने गण्डकीको बढी हुने देखिएको छ। अघिल्लो आर्थिक वर्षमा पनि गण्डकीको वृद्धिदर नै बढी थियो।

राष्ट्रिय तथ्यांक कार्यालयले सोमबार सार्वजनिक गरेको तथ्यांकमा जीडीपीमा बागमतीको योगदान सबैभन्दा धेरै ३६.५२ प्रतिशत (२२ खर्ब ३० अर्ब रुपैयाँ) हुँदा पनि आर्थिक वृदिदर ५.१८ प्रतिशत हुने अनुमान गरिएको हो। गण्डकीको जीडीपीमा योगदान ८.९८ प्रतिशत (५ खर्ब ४८ अर्ब ) रहने र आर्थिक वृद्धिदर भने ५.५१ प्रतिशतको अनुमान गरिएको हो। समीक्षा अवधीमा नेपालको अर्थतन्त्रको कुल आकार उपभोक्ताको मूल्यमा ६१ खर्ब ८ अर्ब र कुल आर्थिक वृद्धिदर ४.६१ प्रतिशत हुने अनुमान गरिएको छ। कुल आर्थिक वृद्धिदर २०८०/८१ मा ३.६७ प्रतिशत र २०७९/०८० १.९८ प्रतिशत थियो।

चालु आर्थिक वर्षमा कोशी प्रदेशले १५.९० प्रतिशत (९ खर्ब ७१ अर्ब), लुम्बिनी प्रदेशले १४.२३ प्रतिशत (८ खर्ब ६९ अर्ब), मधेस प्रदेशले १३.१६ प्रतिशत (८ खर्ब ४ अर्ब), सुदूरपश्चिम प्रदेशले ७.०३ प्रतिशत (४ खर्ब ३० अर्ब) र कर्णाली प्रदेशले ४.१९ प्रतिशत (२ खर्ब ५६ अर्ब) योगदान पुऱ्याउने कार्यालयको प्रारम्भिक अनुमान छ। गत आर्थिक वर्ष २०८०/८१ को संशोधित अनुमानबमोजिम कुल गार्हस्थ्य उत्पादनमा प्रादेशिक योगदान सीमान्त रूपमा मात्र परिवर्तन भएको बताइएको छ।

गत वर्षको तुलनामा कुल गार्हस्थ्य उत्पादनमा कोशी, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिमको योगदान सीमान्त रूपमा घटेको छ भने मधेस र बागमती प्रदेशको योगदान सीमान्त रूपमा बढेको छ। सीमान्त रूपमा बढेकाले आर्थिकवृद्धि नै भएकाले यसलाई सकारात्मक रूपमा हेरिने कार्यालयका प्रवक्ता एवं उपप्रमुख तथ्यांक अधिकारी ढुण्डीराज लामिछानेले बताए।

आर्थिक वर्ष २०८१/८२ को प्रारम्भिक अनुमान बमोजिम जीडीपी उत्पादनको वृद्धिदर सबैभन्दा कम सुदूरपश्चिम प्रदेशको ३.३२ प्रतिशत हुने प्रारम्भिक अनुमान तथ्यांक कार्यालयको छ। कुल आर्थिक वृद्धिदरको आधारमा गण्डकी, बागमती, कर्णाली र लुम्बिनी प्रदेशको कुल आर्थिक वृद्धिदरभन्दा धेरै र बाँकी प्रदेशको थोरै हुने प्रारम्भिक अनुमान हो।




आर्थिक वर्ष २०८१/८२ को प्रारम्भिक अनुमान, आर्थिक वर्ष २०८०/८१ को संशोधित अनुमान तथा आर्थिक वर्ष २०७९/८० को अन्तिम तथ्यांकलाई विश्लेषण गर्दा आर्थिक वर्ष २०७९/८० देखि आर्थिक वर्ष २०८१/८२ सम्मको अवधिमा सबै प्रदेशको आर्थिक वृद्धिदर क्रमश: वृद्धि हुँदै गएको देखिन्छ। यद्यपि, आर्थिक वर्ष २०८०/८१ बाट आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेश र सुदूरपश्चिम प्रदेशको आर्थिक वृद्धिदर नगण्य रूपमा मात्र बढेको देखिन्छ।

समीक्षा वर्षमा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन सबैभन्दा धेरै बागमती प्रदेशको र सबैभन्दा कम मधेस प्रदेशको हुने अनुमान छ। प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन अमेरिकन डलरमा बागमती प्रदेशको २६०२, गण्डकी प्रदेशको १६१९, कोशी प्रदेशको १४०१, लुम्बिनी प्रदेशको १२०१, सुदूरपश्चिम प्रदेशको ११५३, कर्णाली प्रदेशको १०८९ र मधेस प्रदेशको ९३२ हुने प्रारम्भिक अनुमान गरिएको छ। चालु आर्थिक वर्षका लागि राष्ट्रिय तहमा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन अमेरिकी डलरमा १४९६ हुने प्रारम्भिक अनुमान कार्यलयको छ।

### प्रदेशगत आर्थिक अवस्थाको अनुमान

औद्योगिक वर्गीकरण अनुसारको आर्थिक क्रियाकलापलाई हेर्दा गत आर्थिक वर्ष र चालु आर्थिक वर्षमा बागमती प्रदेशबाहेक सबै प्रदेशमा कृषि क्षेत्रको योगदान सबभन्दा बढी देखिएको छ। बागमती प्रदेशमा थोक तथा खुद्रा व्यापार क्षेत्रको योगदान सबैभन्दा बढी देखिन्छ। आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय तहमा दोस्रो हिस्सा ओगटेको व्यापार क्षेत्रले कोशी तथा मधेस प्रदेशमा पनि दोस्रो हिस्सा नै ओगटेको देखिन्छ।

त्यसैगरी, बागमती प्रदेशमा घरजग्गासम्बन्धी कारोबार सेवाको हिस्सा दोस्रो स्थानमा रहेको छ। गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा सार्वजनिक प्रशासन र रक्षा क्षेत्रको योगदान दोस्रो स्थानमा रहेको देखिन्छ।

बाँकी पृष्ठ ७